आज मिति २०७५।०३।०१ गतेका दिन शिवालय गाउँपालिका गाउँ कार्यालय, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडा अध्यक्ष वडा नं १ |
| श्री प्रेम बहादुर बस्नेत | वडा अध्यक्ष वडा नं २ |
| श्री प्रेमदेव शर्मा | वडा अध्यक्ष वडा नं ३ |
| श्री तेज बहादुर बुढा | वडा अध्यक्ष वडा नं ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडा अध्यक्ष वडा नं ५ |
| श्री भक्त बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं ६ |
| श्री विरवल खत्री | वडा अध्यक्ष वडा नं ७ |
| श्री जसविर वली | वडा अध्यक्ष वडा नं ८ |
| श्री दिपक बहादुर खड्का | वडा अध्यक्ष वडा नं ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सृजना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री नुमानन्द दमासे | सदस्य सचिव |

प्रस्तावहरु

१) टाटा थाला हुँदै रोकायाजाँत (सडक निर्माण) कल्याण देखि मोडाविसाउ सडक निर्माण उपभोक्ता समिति (क, क२, ख, ग) सम्बन्धमा ।

२) हाउस वायरिङ्ग तालिम सहभागीको खर्च सम्बन्धमा ।

३) प्रतिक्षालयको रकम भुक्तानी सम्बन्धमा ।

४) काम सम्पन्न हुन नसकेका योजनाहरुको सम्बन्धमा ।

५) विभिन्न ऐन, नियमावली, कार्यविधि र निर्देशिकाको मस्यौदा निर्माण सम्बन्धमा ।

६) आन्तरिक लेखापरीक्षक नियुक्ति सम्बन्धमा ।

७) कर्मचारीको पोशाक सम्बन्धमा ।

८) विविध ।

निर्णय नं. १ प्रस्ताव नं. १ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिकाको टाटा थाला हुँदै रोकायाजाँत वडा केन्द्र जोड्ने सडकको रुट परिवर्तन गर्न मनासिव देखिएकोले गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार कल्याना (शिवालय) मोडा बिसाउ सडक नामाकरण गरी क, क२, ख र ग खण्डको लागत स्टिमेट तयार भएकोमा पहिलो खण्डको उपभोक्ता समिति गठन भई गाउँपालिका र समिति विच सम्झौता भई कार्य सम्पन्न भएको तर अन्य खण्डको उपभोक्ता समिति गठन प्रक्रियामा विवाद उत्पन्न भई समिति गठन हुन नसकेकोले अन्य खण्डहरुको कामको जिम्मा सोही कल्याना मोडा बिसाउ सडक निर्माण उपभोक्ता समितिलाई दिई कार्य सम्पन्न गर्न लगाउने र उक्त उपभोक्ता समितिले गरेको अन्य खण्डको कामको भुक्तानी प्राविधिक मूल्याङ्कनको आधारमा दिने र बाँकी खण्ड ग को भुक्तानी प्राविधिक मूल्याङ्कनको आधारमा आ.व. २०७५।०७६ को वजेटमा विनियोजन गरी सोही समितिलाई दिने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिकाको प्रत्येक वडाबाट १/१ जना गरी जम्मा ९ जनालाई २ महिने हाउस वायरिङ्ग तालिमको लागि खलङ्गा जाजरकोटमा पठाउने निर्णय गरिएकोमा जम्मा ७ जना मात्र सो तालिममा सहभागि भएको र उनीहरुको खाना खर्च वापत प्रति व्यक्ति प्रतिमहिना रु. ४०००|- का दरले जम्मा रु. ५६०००|- विविध शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिकाको इ.प्र.का. सीमाले प्रहरी चौकी नजिक निर्माण गरेको प्रतिक्षालयको लाग्ने सम्पूर्ण खर्च प्राविधिक मूल्याङ्कनका आधारमा रु १ लाख नबढने गरी प्रतिक्षालय निर्माण शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिकाको टेण्डर प्रक्रिया र गाउँपालिकासँग सम्झौता भई निर्माणाधिन अवस्थामा रहेका तपसिलका योजनाहरु सम्पन्न हुन बाँकी रहेकोले आ.व. ०७५।०७६ मा समेत सोही शीर्षकमा रकम विनियोजन गरी आयोजना सम्पन्न गर्ने निर्णय पारित गरियो ।

तपसिल

१. सूचना (ICT) केन्द्र भवन निर्माण
२. तिमिलेपाखा सिंचाई कुलो निर्माण
३. प्रतिक्षालय निर्माण शिवालय-३

निर्णय नं. ५ प्रस्ताव नं. ५ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिकाको लागि आवश्यक पर्ने विभिन्न ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु कानून सम्बन्धी विज्ञको परामर्श र सल्लाहमा निर्माण गरी कार्यपालिकाको वैठकमा पेश गर्नको लागि विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिकाको आ.व. २०७४।०७५ को आन्तरिक लेखा परिक्षणको लागि जिल्ला समन्वय समितिका आ.ले.प. अधिकृत श्री ऋषभ कुमार कार्कीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिका सम्पूर्ण कर्मचारीले भाद्र महिनादेखि अनिवार्य रुपमा ड्रेस लगाउने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ मा को विषयमा छलफल गर्दा यस शिवालय गाउँपालिका अन्तर्गत मालिका प्रा वि सुँगुरखाल शिवालय ६ लाई भवन निर्माण अनुदान रकम रु. ३०००००।-, हिमालय आ वि भवन निर्माण शिवालय २ लाई अनुदान रकम रु. ३०००००।-, शान्ति प्रावि मालुबेला भवन निर्माण शिवालय ७ लाई अनुदान रकम रु. ३०००००।- प्रदान गर्ने निर्णय गरियो । र अन्तमा आजको वैठक समापन गर्ने निर्णय गरियो।

उपर्युक्त बमोजिमका निर्णयहरु मिति २०७५।०६।१ मा पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

Shivalaya Rural Municipality
Office of the Rural Municipal Executive
Sima, Jajarkot
... Province, Nepal
2073

प्रमुख प्रशासकीय अधिकृत